जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४०
# नवीन साप्ताहिक
म.नि.हु.का.द.नं. ६/०५४/०५५
वर्ष ४२ अंक ३७ २०८१ साल बैशाख १६ गते आइतवार (28 Apr. 2024 Sunday) मूल्य रु. ७/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** पडेमारा अग्निपीडित बस्तीमा पुगे मन्त्री लेखी ... **पृष्ठ ३ मा :** हाम्रो कृषि विकासको ... **पृष्ठ ४ मा :** स्वास्थ्य प्रणाली फेल हुनबाट ... **पृष्ठ ५ मा :** अत्यधिक गर्मी बढेपछि ...

# राजविराज-रुपनी सडक खण्डको पाँच किलो-पौवा सडक निर्माण हुने



**राजविराज**/लामो समयदेखि सडकको समस्या झेलिरहेका राजविराज-रुपनी सडक खण्डको पाँच किलोमिटर चौक-पौवाका वासिन्दाहरुको समस्या हट्ने भएको छ ।

रुपनी गाउँपालिका २ पाँच किलो चौकदेखी पूर्व पौवा, विरेन्द्र बजार र राजविराज नगरपालिका वडा २ समेत जोडने सडकका लागि स्थानीयवासीले जग्गा सहयोग गरेपछि सडक निर्माण गर्ने वातावरण तयार भई स्थानीयको समस्या समाधान हुने भएको छ ।

सडकका लागि समाजसेवी स्वर्गीय लक्ष्मणलाल प्रधानका छोरा किशोर प्रधान र अरुण प्रधानले सर्वाधिक ८ कट्ठा जग्गा निःशुल्क उपलब्ध गराएका छन् । गाउँपालिका अध्यक्ष दिनेश कुमार यादवले जग्गा प्राप्ति भएपछि प्रारम्भिक चरणमा ९ सय मिटर सडक निर्माणका लागि १० लाख रुपैयाँ बजेट विनियोजन गरिएको बताए ।

सडक विकास बोर्ड र गाउँपालिकाको सहयोगमा उक्त सडक विस्तार गरी भविष्यमा विरेन्द्र बजारसम्म पुर्याउने लक्ष्य रहेको उनले बताए । सडक विस्तारका लागि प्रधान परिवारले सर्वाधिक जग्गा उपलब्ध गराएको तथा उक्त मार्गमा पर्ने वासिन्दाहरुले समेत थोर बहुत जग्गा उपलब्ध गराएपछि सडक निर्माण कार्य सहज बनेको उनको भनाई छ । सडक निर्माणका लागि सर्वाधिक जग्गा उपलब्ध गराएकाले दाता परिवारको सम्मान गर्न सो मार्गको नाम लक्ष्मणलाल प्रधान मार्ग नामाकरण गर्ने निर्णय भएको उनले बताए । स्वर्गीय प्रधानको स्मृति एवम् सम्मानमा उक्त मार्गमा पर्ने चौकमा स्व. प्रधानको शालिक समेत स्थापना हुने उनले जानकारी दिए ।

विरेन्द्र बजार, पौवा र राजविराजको वडा २ जोड्ने उक्त मार्गमा सडक नहुँदा यहाँका नागरिकलाई सास्ती हुने गरेको थियो । दुई तिन किलो मिटरको छोटो दुरी तय गर्न पनि उनीहरुलाई ७-८ किलोमिटर लामो पर्ने अन्य वैकल्पिक बाटो प्रयोग गर्नुपर्ने बाध्यता थियो । तर अब यो सडक बन्ने भएपछि सो समस्या सामाधान हुने खबरले स्थानीयवासी खुशी भएका छन् । जग्गा प्राप्ति सँगै उक्त सडक निर्माण कार्यको अघिल्लो दिन प्रतिनिधि सभा सदस्य दिनेश कुमार यादव, गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादव र जग्गादाता परिवार अरुण प्रधानले संयुक्त रुपमा शिलान्यास गरेका थिए ।

## अग्निपीडितलाई राहत उपलब्ध गराउन डा. राउतको आग्रह

**काठमाडौँ**/जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले अग्नि पीडितलाई राहत उपलब्ध गराउन उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेलाई ध्यानाकर्षण गराएका छन् ।

शुक्रबार अध्यक्ष राउत गृह मन्त्रालयमा गएर भूकम्प पीडितहरूलाई दिएको जस्तै अग्नि पीडितलाई पनि राहत दिन आग्रह गरेका हुन् । सप्तरी, महोत्तरी लगायत विभिन्न जिल्लामा भएको आगजनीले धनजनको ठुलो क्षति भएको छ । सानो राहतले पुरा नहुने भएकाले सरकारले विशेष प्याकेज बनाएर राहत प्रदान गर्न उनले आग्रह गरे । यस्तै उनले अग्नि पीडितका लागि घर बनाइदिन पनि आग्रह गरे ।

यस्तै उनले सुरक्षा निकायलगायत अन्य सरोकारवालाहरूलाई तयारी अवस्थामा रहन समेत निर्देशन दिनका लागि गृहमन्त्री लामिछानेलाई आग्रह गरेका छन् ।

सुखा मौसममा खानेपानीको पनि अभाव देखिएको भन्दै उनले त्यसको व्यवस्थाका लागि गृह मन्त्रालयले तत्परता देखाउनुपर्ने अध्यक्ष राउतले बताए ।

## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँपालिका, सप्तरी**

## पशुपंक्षीको हेरचार र पशुपालकको सन्देशका लागि प्रभातफेरी




**राजविराज**/पशुपंक्षीको हेरचार, खुवाउने देखि चराउने र स्वस्थ राखी उत्पादन बढाउने बारे सचेतना फैलाउने उदेश्यले शनीवार यहा प्रभातफेरी कार्यक्रमको आयोजना गरिएको छ ।

विश्व भेटेरीनरी दिवसको अवसर पारेर भेटेरीनरी अस्ताल तथा पशु सेवा विकास केन्द्र सप्तरीको आयोजनामा सदरमुकाम राजविराजमा प्रभातफेरी कार्यक्रमको

***बाँकी अन्तिम पृष्ठमा***

लोकतन्त्रको उपलब्धिको रक्षा गरौं
- विधिको शासन
- नागरिक स्वतन्त्रताको संरक्षण
- सूचनाको हक
- संवैधानिक सरकार
- आवधिक निर्वाचन
- समावेशी सहभागिताको सुनिश्चितता
- बालिग मताधिकार
- अभिव्यक्ति स्वतन्त्रता
- न्यायिक स्वतन्त्रता

लोकतन्त्रका यी विशेषतालाई सबैले अवलम्बन गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### स्वास्थ्यको ख्याल राखौं

अत्यधिक गर्मीका कारण अहिले जनजिवन निकै प्रभावित बनेको छ । ग्लोवल वार्मिङका कारण अहिले गर्मी बढेको मौसमविदहरुको भनाई छ । ग्लोवल वार्मिङकै कारण पुरै विश्व नै प्रभावित बन्न पुगेको छ । एक सातादेखि अत्यधिक गर्मी बढेपछि जनजीवन प्रभावित भएको छ । अधिकतम् तापक्रम ३८ देखि ४२ डिग्री सेल्सियसको हाराहारीमा पुग्न थालेपछि जनजीवन प्रभावित बन्न पुगेको छ । बिहान ९ बजेदेखी नै चर्को घाम लागेपछि सामान किनमेल गर्ने आउने जसोतसो सामान खरीद गर्ने गरेका छन् ।

अहिले बालबालिका, ज्येष्ठ नागरिक र रोग प्रतिरोधात्मक क्षमता कमजोर भएका व्यक्तिलाई अझ बढी समस्या भएको छ । स्वास्थ्य संस्थामा घाउ, खटिरा, टाइफाइड, ज्वरो, झाडापखालालगायत रोगका बिरामीको चाप बढ्न थालेको छ । अहिले तातो हावाका कारण टाउको दुख्ने, शरीर शिथिल हुने, घाँटी दुख्ने, आँखा पोल्नेजस्ता स्वास्थ्य समस्यासमेत बढ्दै गएका छन् ।

तसर्थ यस्तो समयमा पर्याप्त मात्रामा पानी पिउने, अत्यावश्यक काम बाहेक घर बाहिर ननिस्कन तथा स्वास्थ्यको ख्याल राख्नु नै यसबाट बच्ने उपाय हो ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# पडेमारा अग्निपीडित बस्तीमा पुगे मन्त्री लेखी
# प्रतिपरिवार १० हजारको दरले आर्थिक सहयोग





**राजविराज**/गत आइतवार दिउँसो भिषण आगलागि भई सर्वस्व गुमाएका सप्तरीको कञ्चनरुप नगरपालिका ५ पडेमाराका अग्निपीडित परिवारलाई मधेश प्रदेशका गृह, संचार तथा कानुन मन्त्रि राजकुमार लेखीले आर्थिक सहयोग गरेका छन् ।

स्थानिय १६ परिवारको २४ घर जल्दा उनीहरु घरवारबिहीन भएका थिए । अग्नी पीडितहरुको समस्या बुझ्न शुक्रबार पडेमारा पुगेको मन्त्रि लेखी नेतृत्वको टोलीले भेटघाट गर्दै प्रतिपरिवार १० हजारको दरले आर्थिक सहयोग गरेका हुन् ।

मन्त्री लेखीले घटना बारे जानकारी लिदै मन्त्रालयको तर्फबाट प्रत्येक परिवारलाई १० हजारका दरले आर्थिक सहयोग गरेको उनको सचिवालयले जनाएको छ । सोही क्रममा उनले प्रदेश सरकारबाट हुन सक्ने थप सहयोगको लागि अविलम्ब पहल गर्ने प्रतिबद्धता समेत जनाए ।

उनले आगलागीका घटना हुन नदिन सतर्कता अपनाउन स्थानियसँग अनुरोध पनि गरे ।

सो अवसरमा एमाले नेता सुमनराज प्याकुरेल, प्रदेश सदस्य एवम् कन्चनरुप नगरपालिकाका पुर्व मेयर वसन्त मिश्रालगायतका स्थानीय जनप्रतिनिधिहरु विभिन्न पार्टीका नेताकार्यकर्ताहरुको समेत उपस्थिति रहेको थियो ।

स्थानिय लालमोहन सरदारको गाई गोठमा बालिएको चुल्होबाट गत आइतबार दिउँसो ३ बजेतिर सल्केको आगो समयमा नियन्त्रण गर्न नसक्दा १६ परिवारको २४ घर नष्ट भएको थियो । आगलागीमा लालमोहन सरदारको ४, बिजुली सरदारको ३, आशा सरदार, लालबहादुर सरदार, सुधीर सरदार, बिरबहादुर सरदार, श्यामबहादुर सरदार, रामबहादुर सरदार, बुटु सरदारको दुइ/दुइ वटा तथा त्रिभुवन सरदार, करण चौधरी, समुन्द्री सरदारको एक/एक वटा गरि २४ वटा घर जलेका थिए ।

आगलगीमा २ वटा चौपाया समेत जलेको प्रहरीले जानकारी दिएको छ । आगलगीमा करिब २४ लाख ५० हजार बराबरको क्षति भएको प्रारम्भिक अनुमान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता न्यौपानेले बताएका छन् ।

यसअघि सोही बस्तीमा २०७६, २०७७, २०७८, २०७९ र २०८० मा समेत आगलगीका घटना भएको स्थानीयहरुले बताएका छन् ।

# साइबर क्राइम

**पृष्ठभूमी**

बर्तमान समय सामाजिक संजालको युग हो । फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन् । सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ । मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष झैं कुराकानी गर्न पाएका छन् । तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ । जसलाई साइबर अपराध भनिन्छ ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ । विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ । इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिर्वतन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो । त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ । यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन । प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ । त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर व्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ । प्रमाणको रुपमा स्क्रीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ । यसबाहेक साइबर व्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन् । काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो ।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ । विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ । प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ । अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ । आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक्र अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ । अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ । अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ । अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ । पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ ।

**निष्कर्ष:**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन् । पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ । साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ । अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ । आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ ।

**जनहितका लागि**
**डाक्नेश्वरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय पातो, सप्तरी**

# हाम्रो कृषि विकासको बाटो कुन ?

**प्रमेश पोखरेल**

नेपालको कृषि क्षेत्रमा बाधा उत्पन्न गर्ने थुप्रै कारण होलान्, तर मूलभूत रूपमा दृष्टिकोण तथा नीति-कार्यक्रमको अस्पष्टताले नेपाली समाज र अर्थतन्त्रको गतिशीलतालाई प्रभाव पारेको छ। अझ भनौं, कृषि क्षेत्र यही अस्पष्टता र विरोधाभासमा रुमलिएको देखिन्छ।

नेपालको अर्थतन्त्र र कृषि क्षेत्र नवउदारवादी पुँजीवादी नीतिबाटै निर्देशित छ। तथापि केही मिश्रित अर्थ-व्यवस्थाका अवशेष बाँकी छन्। सङ्घीय गणतन्त्र नेपालको संविधानले अबको बाटो समाजवादी भन्ने सङ्केत गरेको सन्दर्भ जोड्दा पनि हाम्रा नीति-कार्यक्रम र योजना समाजवाद उन्मुख छैनन्।

अझ समाजवादको पनि पार्टीपिच्छे फरक-फरक व्याख्या छन् भने कम्युनिस्टहरू समाजवाद निर्माणको विषयमा चिनियाँ र भियतनामी मोडल, सोभियत मोडल वा क्युबा मोडलको कुरा गर्छन्। नेपालको कृषिलाई कसरी र कहाँ लग्ने भन्नेमा बहस पर्याप्त छैन।

अहिले विश्वमा अभ्यास गरिएका उत्पादन प्रणालीलाई मुख्यतः दुई भागमा विभाजन गर्न सकिन्छ। एकथरी उत्पादन पुँजीवादी नवउदारवादी मान्यतामा आधारित छ।

पुँजीवादी व्यवस्था नाफामुखी हुन्छ। त्यसैले यसले कृषिमा पनि जतिसक्दो उत्पादन बढाउने र त्यसका लागि बाह्य रासायनिक मल, विषादी, आनुवांशिक बिउ र हाइटेक यन्त्रको प्रयोग गर्ने कुरामा जोड दिन्छ। यसले नाफा आर्जनका लागि किसान र कृषि श्रमिक साथै माटो र प्राकृतिक स्रोतको समेत मनलाग्दी र अत्यधिक दोहन गर्छ। नवउदारवादी नीतिका कारण उत्पादनको मूल्य बजारले निर्धारण गर्छ र खाद्यलाई मात्र नाफा कमाउने वस्तुको रूपमा हेरिन्छ। परिणामतः वातावरण, माटो, मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्नुका साथै केही धनी लगानीकर्ता, ठुला किसान र कम्पनीलाई मात्र फाइदा पुग्छ।

औद्योगिक कृषि, कम्पनी कृषि र ठुल्ठुला बहुराष्ट्रिय निगमको कृषिलाई प्रोत्साहन गर्ने पुँजीवादी कृषिले बहुसङ्ख्यक साना किसानलाई बेवास्ता गर्दै विस्थापन र सीमान्तीकरण गर्छ। त्यसैले त आज विश्वमा देखिएको कृषि तथा खाद्य सङ्कटको प्रमुख कारण पुँजीवादी नवउदारवादी उत्पादन प्रणाली हो पनि भनिन्छ।

अर्कोथरी यस्तो उत्पादन प्रणाली छ, जुन प्रकृतिसँगको समन्वय, जैविक सामग्रीको प्रयोग र किसानको हितमुखी छ। यसलाई खाद्य सम्प्रभुतामा आधारित पर्यावरणीय कृषि (एग्रो इकोलोजी) भनिन्छ। यो उत्पादकत्व वृद्धि, दिगोपन, जनचाहनाका पक्षलाई सन्तुलित रूपमा ध्यान दिने कृषि हो। जैविक विविधतामा आधारित यस्तो कृषिले समाजवादी अर्थतन्त्र निर्माणका लागि आधार सिर्जना गर्न आधार तयार पार्छ।

खाद्यान्नको उत्पादन किन र कसरी गर्ने भन्ने नै मूलभूत प्रश्नमा यी दुई प्रणालीमा भिन्नता छ। एउटा नाफा, व्यापार, एकाधिकार र असमानतामा आधारित छ भने अर्को प्रकृतिसँगको समन्वय, दिगोपन, मानवीयता, न्याय, जनजीविकासँग सम्बन्धित छ।

पर्यावरणीय कृषि जनस्तरबाट विकसित स्थानीय, आत्मनिर्भर, एकीकृत, सिर्जनशील एवं प्रकृतिको सामीप्यमा गरिने खेती अभ्यासहरूको समग्र रूप हो। कतिपयले यसलाई कृषि पर्यावरण वा वातावरण मैत्री कृषि वा प्राकृतिक कृषि पनि भन्छन्, तर यसलाई अंशका रूपमा बुझ्नु हुँदैन किनकि यो अभ्यास मात्र होइन। यो संस्कृति, संज्ञान र विज्ञानको उपयोग गर्ने अभ्यासका साथै सङ्घर्ष र रूपान्तरणको एक अभियान तथा राजनीतिक कार्यक्रमको रूपमा लिइन्छ।

अत्यन्त छोटकरीमा सहज रूपमा समाजवादी र नवउदारवादी उत्पादन दृष्टिकोणलाई हामीले तलको तालिकामार्फत बुझ्न सक्छौं।

## समाजवादी र नवउदारवादी उत्पादन दृष्टिकोणमा भिन्नता

| **विषयवस्तु** | **पुँजीवादी नवउदारवादी उत्पादन प्रणाली** | **खाद्य सम्प्रभुतामा आधारित पर्यावरणीय कृषि** |
|---|---|---|
| लगानी र बजारमा कसको पहुँच र अधिकार हुने ? | यसले कृषिमा विदेशी लगानी र बाह्य बजारमा पहुँचको व्याख्या गर्छ। बजार खुल्ला गरी वस्तु र सेवाको व्यापारमा जोड दिन्छ। | खाद्य र कृषिलाई विश्व व्यापारबाट सुरक्षित राख्ने तथा स्थानीय बजार, सुरक्षित र संरक्षित कृषिमा जोड दिन्छ। प्रशोधन, उद्योग, अन्य क्षेत्रमा जे-जस्तो नीति भए पनि प्राथमिक उत्पादनमा विदेशी लगानीले सम्प्रभुता कमजोर बन्ने वकालत गर्छ। |
| अनुदान कसका लागि ? | विकसित देशका ठुला किसानलाई छुट तर तेस्रो विश्वमा अनुदान घटाउनुपर्ने नीति दिन्छ। | साना स्तरका कृषिमा अनुदान, किसानको मूल्य र आम्दानी संरक्षणमा जोड दिन्छ। |
| खाद्यान्न के हो ? | व्यापारिक वस्तु मात्र ठान्छ। | खाद्यान्न व्यापारिक वस्तुमात्र होइन किनकि स्वस्थ पोसिलो, सुलभ र संस्कृति अनुरूपको स्थानीय उत्पादनमा आधारित खाना खान पाउने अधिकार मानव अधिकार हो भन्ने मान्यता राख्छ। |
| भोकमरी र गरिबीको कारण के हो ? | उत्पादनको कमी, उच्च मूल्य र आपूर्तिमा समस्या भोकमरीको कारण ठान्छ। | असमानता र गरिबीका कारण पहुँच र वितरणको समस्या हुने गरेको तथा उत्पादक वर्गको स्रोत-साधनमा पहुँच नभएको मूल समस्या मान्छ। |
| किसान को हुन् ? | हेपिएका, पिछडिएका, परम्परागत, पर्याप्त लगानी र ज्ञान नभएका ठान्छ। | संस्कृति, प्रकृति र कृषि विकासका प्रवर्द्धक तथा संरक्षक हुन मान्छ। |
| उत्पादन किन गर्ने ? | यसले उत्पादन केवल नाफाको लागि गर्छ। बजार, विदेशी विनिमय, बेचबिखन तथा विश्व बजारका लागि उत्पादन भन्ने मान्यता राख्छ। | यसले खाद्य र कृषि जीवनको आधार मान्छ। त्यसैले उत्पादन पहिलो गरिबी र भोकमरी अन्त्य गर्न, दोस्रो स्थानीय बजारका लागि, तेस्रो आत्मनिर्भर र स्वाधीन अर्थतन्त्र निर्माणका लागि र चौथो विनिमय र बाह्य बजारका लागि हुन्छ भन्ने मान्यता राख्छ। |
| उत्पादन कसले गर्ने ? | यसले निजी क्षेत्र, कम्पनी, लागनीकर्ता र निगममार्फत उत्पादन बढ्ने तर्क गर्छ। | यसमा उत्पादन प्राथमिक रूपमा किसानले नै गर्नुपर्छ। साथै व्यक्तिगत, सामूहिक, तथा राष्ट्रिय योजना तथा उत्तरदायित्वका साथ उत्पादन गर्नुपर्छ भन्ने मान्यता राख्छ। |
| उत्पादन कसरी गर्ने ? | यसमा जसरी हुन्छ नाफा बढाउने, रासायनिक मल, विषादी, अनुवंश सुधारिका बिउ प्रयोग गर्ने, प्रकृतिको दोहन गर्ने, तथा अन्य आर्थिक रूपमा लाभ दिने जुनसुकै कुरा अपनाउने व्याख्या छ। | किसान र कृषि संस्कृतिलाई केन्द्रमा राखी स्वस्थ र दिगो रूपमा स्थानीय स्रोतको उपयोग गरेर उत्पादन गर्नुपर्ने मान्यता राख्छ। |
| उत्पादनको मूल्य कसले निर्धारण गर्ने ? | यस्तो प्रणालीले मूल्य बजारले निर्धारण गर्छ भन्ने मान्यता राख्छ। | यो प्रणालीमा कृषि वस्तुको मूल्य राज्यले निर्धारण गर्छ। न्यूनतम समर्थन मूल्य तोकी राज्यले सार्वजनिक खरिद बिक्रीको व्यवस्था गर्नुपर्ने वकालत गर्छ। |

**नेपालको सन्दर्भमा कुन बाटो ठिक ?**

यो मूलतः राजनीतिक दृष्टिकोणको विषय हो। हामी न्यायपूर्ण र दिगो बाटो जान चाहन्छौं या पुँजीवादी बाटोबाट भन्ने हो तर पहाडि र हिमाली भूगोल, सानो स्तरको कृषि, जैविक विविधतामा आधारित कृषि, कृषि संस्कृति तथा किसानको बाहूल्यताका हिसाबले पुँजीवादी कृषिभन्दा पर्यावरणीय कृषि बढी अनुकूल र आवश्यक देखिन्छ तर यसो भन्दैमा कृषिलाई व्यावसायीकरण गर्ने, उद्यम र उद्योगसँग जोड्ने, निर्यातको सम्भावना भएका तुलनात्मक लाभका वस्तुको उत्पादन नगर्ने भन्ने होइन। समथर भूभाग र सम्भावना भएका स्थानमा व्यावसायिक खेती गरिए पनि मूलभूत रूपमा जैविक कृषि र पर्यावरणीय कृषि नै आवश्यक देखिन्छ। ***बाँकी चार पृष्ठमा***

# स्वास्थ्य प्रणाली फेल हुनबाट जोगाउन एकीकृत स्वास्थ्य सेवा ऐन

**दीपकराज भट्ट**

निजामती कर्मचारी ऐन कार्यान्वयनको मै रहेको अवस्थामा वि.सं २०५३ मा पहिलोपटक स्वास्थ्य सेवा ऐनको आएको थियो । स्वास्थ्य सेवा ऐन आएपछि स्वास्थ्य सेवा नियमावली समेत कार्यान्वयमा आएको थियो ।

निजामती ऐन २०४९ ले स्वास्थ्य सेवालाई समेट्न नसकेको अवस्थामा स्वास्थ्य सेवा ऐनको परिकल्पना गरिएको हो । तत्कालीन अवस्थामा ७५ वटै जिल्लामा भएका स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मीको पेशागत विकास, सुशासन तथा स्वास्थ्यमा सबैको पहुँच लगायतका पक्षहरुलाई ध्यानमा राखी उक्त ऐनको परिकल्पना गरी कार्यान्वयनमा ल्याइएको थियो । यद्यपि जुन परिकल्पनाका साथ ऐन ल्याइएको भएपनि स्वास्थ्य सेवामा कार्यरत सबै सेवा समुहले उक्त ऐनको मर्म अनुसारको सेवा सुविधा उपभोग गर्न पाएनन् ।

**एकद्वार प्रणालीमा नै सञ्चालित छ, स्वास्थ्य सेवा**

मुलुक संघीयता गएसँगै विकेन्द्रीकरणको अवधारणाअनुसार शासन प्रणाली सञ्चालनमा रहेको छ । स्वास्थ्य आफैंमा एक विकेन्द्रीकृत सेवा हो । विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारीको समयमा स्वास्थ्य सेवालाई एकद्वार प्रणालीबाट सञ्चालनमा ल्याइएको थियो । त्यतिबेला संघ, प्रदेश तथा स्थानीय तीनै तहका सरकारले एकजुट रुपमा महामारीको लडाईं लडेका थिए । हालको अवस्थामा समेत कर्मचारी, प्रोटोकल तथा अन्य साधनको व्यवस्थापनको कुरामा सबै तहका सरकारबीच एकता कायमै रहेको अवस्था छ ।

प्राय संघले बनाएको स्वास्थ्य प्रणालीमा नै स्थानीय तथा प्रदेश सरकार चलिरहेको अवस्था छ । जस्तै भिटामिन 'ए' संघ सरकारले ५ वर्ष सम्मका बालबालिकालाई खुवाउने गर्छ भने स्थानीय तथा प्रदेश सरकारमा समेत उही व्यवस्था छ । त्यसकारण भन्न सकिन्छ स्वास्थ्य सेवामा ३ तहका सरकारबीच कार्यगत एकताको अवस्था छ । नेपालले विभिन्न अन्तर्राष्ट्रिय मञ्चमा एकद्वार प्रणाली मार्फत् स्वास्थ्य सेवा प्रवाह गरिएको अवस्थामा सर्वसुलभ रुपमा स्वास्थ्य सेवा प्रवाह गर्न सकिने प्रतिबद्धता समेत गरेको छ । फलस्वरुप दिगो विकासको लक्ष्य भेट्न समेत सहयोग पुग्ने बताइएको छ । स्थानीय तथा प्रदेश तहमा कार्यरत्त स्वास्थ्यकर्मीहरुलाई राजनीतिक विश्वासका आधारणमा विभेद गर्ने गरिएको छ ।

**स्वास्थ्य सेवालाई किन निजामतीमा नराख्ने?**

स्वास्थ्य सेवा भन्नाले सरकारी सेवा कार्यरत्त स्वास्थ्यकर्मी मात्रै होइनन् । निजी क्षेत्रमा कार्यरत्त ठूलो हिस्सामा रहेका स्वास्थ्यकर्मीलाई निजामती ऐनले नसमेट्ने भएकोले स्वास्थ्य सेवाका लागि भिन्नै ऐन आवश्यकता पर्न गएको हो । त्यस्तै स्वास्थ्य सेवा विशिष्टीकृत सेवा हो, यसअन्तर्गत विभिन्न ४० भन्दा बढी उप-समूह कार्यरत छन् । जसको आफ्नो आफ्नै संरचना समेत रहेका छन् । जनशक्तिको कुरा नगर्नुपर्दा एउटा मन्त्रालयमा मात्रै न्यूनतम २० हजार भन्दा बढी जनशक्ति कार्यरत्त रहेका छन् ।त्यसकारण स्वास्थ्यलाई निजामती अन्तर्गत नराखी भिन्नै प्रकारको एकीकृत स्वास्थ्य सेवा ऐनको परिकल्पना गरिएको हो ।

संघीयतासँगै स्थानीय स्तरमा सेवा गर्न खटिएका स्वास्थ्यमकर्मीहरुको पेशागत विकासको काम निजामती ऐनले गर्न सक्दैन । त्यसकारण एकीकृत स्वास्थ्य सेवा ऐन अपरिहार्य छ । विगतमा एउटै ऐनबाट कार्यरतरहेका स्वास्थ्यकर्मीहरुलाई संघीयता लागु भएसँगै पेशागत विकासमा फरक फरक ऐन लागु हुँदा उनीहरु सेवा दिनमा प्रेरित नभएको स्थिती छ ।

**निजामती ऐनमा नै स्वास्थ्य सेवालाई राख्दाका बेफाइदा**

हामी एकीकृत स्वास्थ्य सेवा ऐन कार्यान्वयनका ल्याउनका लागि खुल्ला बहसका लागि सधैं तत्पर छौं । स्वास्थ्यकर्मीको विकासका लागि हुनसक्ने योजना तथा कामका लागि स्वास्थ्यकर्मी संघ बाधक होइन । हाल सरकारले संघीय संसदमा दर्ता नगराएको निजामती ऐनमा विभिन्न ११ समूहमात्रै समावेश गरिएको छ । जसमा स्वास्थ्य सेवाको परिकल्पना समेत गरिएको छैन । यदि सरकारले स्वास्थ्य सेवालाई महत्वपूर्ण सेवाको रुपमा लिएको भए उक्त ऐनमा कतै स्वास्थ्य सेवा ऐनलाई समेत समावेश गर्नुपर्ने हो । जसले एकीकृत स्वास्थ्य सेवा ऐनबारेको नयाँ बहस सृजना गराएको छ । त्यसकारण स्वास्थ्यकर्मीहरुलाई सेवा दिनमा उत्प्रेरित गर्नका लागि तथा उनीहरुको पेशागत विकासका लागि एकीकृत स्वास्थ्य सेवा ऐन अपरिहार्य छ ।

स्वास्थ्य सेवा ऐन कार्यान्वयनमा नल्याउँदा कुनै पनि महामारी फैलिदा कुनै एक निकायले मात्रै लड्न सक्ने अवस्था हुँदैन । त्यतिबेला नेपालको स्वास्थ्य प्रणाली नै फेल भई स्थिती नियन्त्रण बाहिर जान सक्ने भएकोले एकीकृत स्वास्थ्य सेवा ऐन आजको आवश्यकता हो, जसलाई ल्याउनका लागि सरकारले भूमिका खेलोस् भन्ने माग नेपाल स्वास्थ्यकर्मी महासंघको रहेको छ । (नेपाल स्वास्थ्यकर्मी संघका महासचिव दीपकराज भट्टसँग स्वास्थ्यखबरकर्मी लक्ष्मी चौलागाईंले गरेको कुराकानीमा आधारित) स्वास्थ्यखबरबाट

## *हाम्रो कृषि...*

नवउदारवादी व्यावसायिक कृषिमा रासायनिक सामग्रीको प्रयोगलाई प्रोत्साहन गरिन्छ । तथापि व्यावसायिक कृषि जैविक पनि हुन्छ । उत्पादन बढाउने मूल नारा रहेको रासायनिक खेतीको विश्वमा तथ्याङ्क हेर्दा उत्पादन र उत्पादकत्व केही समयपछि घट्दै आएको मात्र होइन, थुप्रै अन्य बेफाइदा देखिएको स्पष्ट छ । उत्पादकत्व वृद्धिका लागि रासायनिक मल र विषादीको प्रयोग दर निरन्तर बढाउँदै लैजानुपरेका कारण वातावरण, स्वास्थ्यमा हानि पुग्नुका साथै लगानी बढ्ने र किसान झन् बढी बजार निर्भर बन्नुपर्ने अवस्था सिर्जना भएको छ । त्यसैकारण रासायनिक कृषिले गरिबी निवारण गर्नुको सट्टा गरिबी वृद्धि भइरहेको छ । रासायनिक खेतीमा प्रयोग हुने मल र विषादीले माटो, मानव, जीवजन्तु र पर्यावरणीय स्वास्थ्यमा पुऱ्याएको क्षतिले गर्दा निम्तिएको जोखिम, आर्थिक घाटा, दिगोपनको समस्या साथै घातक रोगहरूको सङ्क्रमण बढेको छ । अझ यो कृषिसँगै खुला बजार, बहुराष्ट्रिय निगम, विश्व व्यापार सङ्गठनका प्रावधानअघि बढ्ने र हाम्रोजस्तो देश परनिर्भर बन्दै जाने हुँदा यसका अनेकन् समस्याले दिगो कृषिको आवश्यकता र औचित्यता देखिएको छ ।

विश्वव्यापी रूपमा मानव जगत पुँजीवादी नवउदारवादी सङ्कटहरूको सामना गरिरहेको सन्दर्भमा दिगो कृषिको महत्त्व बढ्दै गएको छ । किसानहरू तथा आमनागरिकले एकातर्फ कृषि सङ्कट र अर्कोतर्फ वातावरणीय सङ्कटको चुनौतीपूर्ण अवस्थासँग जुध्नुपरेको छ । कृषि क्षेत्रमा देखिएको विकर्षण र युवा पलायन, मूल्य र बजारको समस्या, गुणस्तरहीन र रासायनिक विषादीयुक्त खाद्यवस्तुको बिगबिगी लगायत समस्या तथा स्रोतसाधनको मनलागी दोहन, वातावरणीय प्रदुषण, जलवायुमा परिवर्तन लगायत वातावरणीय समस्यालाई समग्रमा हेर्ने हो भने दुवै सङ्कट नवउदारवादका दुष्परिणाम हुन् । अहिलेजस्तै आनुवांशिक बिउ, रासायनिक विषादी र मल प्रयोग गरी तथा प्राकृतिक स्रोतको मनलागी दोहन गर्ने तथा वातावरण र मानव स्वास्थ्यमा समेत असर पार्ने नाफाको राजनीतिमा आधारित खेती प्रकृति र मानवजगत्को भविष्यका लागि चुनौतीपूर्ण छ । (लेखक अखिल नेपाल किसान महासङ्घका महासचिव हुन् ।) रातोपाटीबाट


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**शम्भुनाथ नगरपालिका, सप्तरी**



## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालबालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गाह्रो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुँदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**खडक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**

# अत्यधिक गर्मी बढेपछि जनजिवन प्रभावित, बजारमा मानिसहरुको चहलपहलमा कमी

**राजविराज**/एक सातादेखि अत्यधिक गर्मी बढेपछि सप्तरीसहित मधेसको जनजीवन प्रभावित भएको छ । अधिकतम् तापक्रम ३८ देखि ४२ डिग्री सेल्सियसको हाराहारीमा पुग्न थालेपछि जनजीवन प्रभावित भएको हो ।

दिन प्रतिदिन बढ्दै गएको गर्मीले सप्तरीका बासिन्दाहरुको दिनचर्या अत्यन्त कष्टकर बन्दै गएको छ । प्रचण्ड गर्मीले दिउँसो बजारमा मानिसहरुको चहलपहलमा निकै कमी देखिएको छ ।

बिहान ९ बजेदेखी नै चर्को घाम लागेपछि सामान किनमेल गर्ने आउने जसोतसो सामान खरीद गर्ने गरेका छन् । गर्मीकै कारण सदरमुकाम राजविराजमा व्यापार समेत प्रभावित समेत भएको छ ।

यस्तै गर्मीकै कारण जिल्लाका अधिकांश सरकारी कार्यालयहरुमा सेवाग्राहीको उपस्थिति समेत न्यून छ । गर्मीका कारण दिउँसोतीर मुख्य बजार सुनसान हुन थालेका छन् भने सरकारी कार्यालयमा सेवाग्राहीको सङ्ख्यासमेत घट्न थालेको छ । अहिले बालबालिका, ज्येष्ठ नागरिक र रोग प्रतिरोधात्मक क्षमता कमजोर भएका व्यक्तिलाई अझ बढी समस्या भएको चिकित्सकको भनाइ छ ।

स्वास्थ्य संस्थामा घाउ, खटिरा, टाइफाइड, ज्वरो, झाडापखालालगायत रोगका बिरामीको चाप बढ्न थालेको छ । गर्मी बढेसँगै धनुषामा 'हिट स्ट्रोक' अर्थात् 'लू' लाग्ने जोखिमसमेत बढ्दै गएको छ । यसले दिउँसोका समयमा दैनिक ज्यालादारी तथा कडा श्रम गर्ने व्यक्तिलाई समस्या हुने देखिन्छ ।

अहिले तातो हावाका कारण टाउको दुख्ने, शरीर शिथिल हुने, घाँटी दुख्ने, आँखा पोल्नेजस्ता स्वास्थ्य समस्यासमेत बढ्दै गएका छन् । यस्तै, तातो हावा चल्दा तरकारी, मकैलगायतका बालीनालीसमेत सुक्न थालेका छन् ।

यस्तै तातो हावाहुरीका कारण मौसमी फल आँप, लिची र लहरे तरकारीखेती समेत प्रभावित भएको छ । गर्मीले जनजीवन प्रभावित भए पनि चिसो पेयपदार्थको माग भने बढेको छ ।

चिकित्सकहरुले यस्तो समयमा पर्याप्त मात्रामा पानी पिउन, अत्यावश्यक काम बाहेक घर बाहिर ननिस्कन तथा स्वास्थ्यको ख्याल राख्न सुझाव दिएको छ ।

बिहानैदेखी तापक्रम बढ्दै जाँदा मानिसहरु चिसो पदार्थ सेवन गरिरहेका छन् भने आइसक्रिम, बरफ, चिसो मिनरल वाटरको बिक्रि समेत बढेको छ । गाउँघरमा शरीरलाई चिसो पार्न स्थानीय पोखरी, नहर, नदीमा नुहाउने गर्ने गरेका छन् ।


## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**
**बलान बिहुल गाउँपालिका, सप्तरी**



## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**


**तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**


## अन्तर्राष्ट्रिय समाचार

### उत्तरप्रदेशबाट अवैधरूपमा बिहार लगिएका ९५ बालबालिकाको अयोध्यामा उद्धार

**भारत**/उत्तरप्रदेश बाल आयोगले शुक्रबार बिहारबाट अवैधरूपमा उत्तरप्रदेश लगिएका ९५ बालबालिकाको उद्धार गरेको छ । यस घटनाले बाल बेचबिखन बारेको चिन्तालाई प्रकाश पारेको छ ।

अयोध्या बाल कल्याण समिति (सिडब्ल्युसी)का अध्यक्ष सर्वेश अवस्थीले शुक्रबार उत्तरप्रदेश बाल आयोगकी सदस्य सुचित्रा चतुर्वेदीबाट घटनाको जानकारी पाएपछि सिडब्ल्युसीका सदस्यहरूले बच्चाहरूको उद्धार गरेको बताउनुभयो ।

"बिहान नौ बजेतिर उत्तरप्रदेश बाल आयोगकी सदस्य सुचित्रा चतुर्वेदीले फोन गरेर बिहारबाट साना बच्चाहरूलाई अवैधरूपमा सहारनपुर लगिएको र उनीहरू गोरखपुरमा रहेको तथा अयोध्या हुँदै जान लागेको सूचना दिनुभएको थियो । हामीले उनीहरूको उद्धार गर्‍यौं । उनीहरूलाई खाना दियौं र चिकित्सा सहयोग गर्‍यौं", अवस्थीले भन्नुभयो । उहाँका अनुसार उद्धार गरिएका बालबालिका चारदेखि १२ वर्ष उमेर समूहका छन् ।

"बालबालिका ल्याउनेहरूसँग उनीहरूको आमाबुबासँगको कुनै सहमतिपत्र थिएन, ९५ बालबालिकाको उमेर चारदेखि १२ वर्षको बीच छ र उनीहरूमा अधिकांशले आफूलाई कहाँ लैजान खोजिएको हो भन्नेबारे केही थाहा नभएको बताएका छन्, आमाबुबासँग सम्पर्क गर्ने प्रयास भइरहेको छ र बालबालिकाहरू आइपुगेपछि आमाबाबुलाई सुम्पिइने छ", अवस्थीले भन्नुभयो ।

यसअघि बिहारका बालबालिकाहरूको एक समूहलाई मदरसाहरूमा पठाउँदै गर्दा उत्तरप्रदेशको बाल आयोगले गोरखपुरबाट उद्धार गरेको थियो । राष्ट्रिय बाल अधिकार संरक्षण आयोगको आदेशमा राज्य बाल प्यानलले उनीहरूको उद्धार गरेको थियो ।

राष्ट्रिय बाल अधिकार संरक्षण आयोग (एनसिपिसिआर) का अध्यक्ष प्रियाङ्क कानुनगोले सामाजिक सञ्जाल एक्सको एक पोस्टमार्फत बालबालिकाको उद्धार भएको सार्वजनिक गर्नुभएको छ ।

"बिहारबाट अन्य राज्यका मदरसाहरूमा पठाइएका निर्दोष बालबालिकालाई एनसिपिसिआरको निर्देशनमा उत्तरप्रदेश राज्य बाल आयोगको सहयोगमा गोरखपुरमा उद्धार गरिएको छ", उहाँले भन्नुभयो, "भारतको संविधानले हरेक बालबालिकालाई शिक्षाको अधिकार दिएको छ, प्रत्येक बालबालिकाका लागि विद्यालय जानु अनिवार्य छ, यस्तोमा गरिब बालबालिकालाई अन्य राज्यमा लगेर धर्मका आधारमा चन्दा कमाउनका लागि मदरसामा राख्नु संविधानको उल्लङ्घन हो ।" एजेन्सी

### संयुक्त राष्ट्र प्रमुखद्वारा स्वच्छ ऊर्जाका लागि निष्पक्ष खनिज स्रोत सुनिश्चित गर्ने पहल

**संयुक्त राष्ट्रसङ्घ**/संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले शुक्रबार स्वच्छ ऊर्जा परिवर्तनका लागि लागि आवश्यक खनिजहरूको खरिद र प्रयोगमा निष्पक्षता, दिगोपन र मानवअधिकारलाई एकीकृत गर्ने उद्देश्यले नयाँ पहल सुरु गर्नुभएको छ ।

सरकार, सङ्गठन र राष्ट्रसङ्घीय निकायहरूको विविध समूहलाई एकताबद्ध गर्ने उक्त पहलले 'क्रिटिकल एनर्जी ट्रान्जिसन मिनरल्स' मा प्यानलको सुरुआत गर्दछ । प्यानललाई ऊर्जा सङ्क्रमणमा वातावरणीय र सामाजिक मापदण्ड कायम राख्न साझा र स्वैच्छिक सिद्धान्तहरूको सेट विकास गर्ने जिम्मेवारी दिइएको छ ।

महासचिव गुटेरेसले प्यानल लन्चका क्रममा भन्नुभयो, "नवीकरणीय ऊर्जाद्वारा सञ्चालित संसार महत्त्वपूर्ण खनिजहरूको लागि भोको संसार हो ।"

उक्त पहल पहिलो पटक दुबईमा कोप-२८ जलवायु शिखर सम्मेलनमा घोषणा गरिएको र सेप्टेम्बरमा उच्चस्तरीय संयुक्त राष्ट्र महासभा सप्ताहअघि आफ्नो प्रारम्भिक सिफारिसहरू प्रस्तुत गर्न तयार रहेको छ । कोप-२८ भनेको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घको फ्रेमवर्क कन्भेन्सनको पक्षहरूको सम्मेलनको २८ औं बैठक हो ।

सौर्य प्यानल, पवन टर्बाइन र विद्युतीय सवारी जस्ता नवीकरणीय ऊर्जा प्रविधिहरूका लागि महत्त्वपूर्ण खनिजहरूको माग बढेको छ । यसको उदाहरणका लागि राष्ट्रसङ्घीय व्यापार तथा विकास निकायले उच्च दक्षता ब्याट्री र इलेक्ट्रोनिक्सका लागि आवश्यक लिथियमको माग १५ हजार प्रतिशतभन्दा बढीले बढ्न सक्ने अनुमान गरेको छ ।

त्यस्ता बढ्दो मागहरूले धेरै विकासशील देशहरूका लागि विशेषगरी अफ्रिकामा महत्त्वपूर्ण अवसर प्रदान गरेको छ । अफ्रिकाले ऊर्जा सङ्क्रमणका लागि महत्त्वपूर्ण दर्जन धातुहरूको विश्वव्यापी भण्डारको पाँचौं भाग ओगटेको छ । एजेन्सी

# पाँच घर जल्दा लाखौं मुल्य बराबरको क्षति

**राजविराज**/सप्तरीको छुट्टाछुट्टै स्थानमा आगलागी हुँदा पाँच घर जलेर लाखौं मुल्य बराबरको क्षति भएको छ ।

राजविराज नगरपालिका ९ मलेठका अंगत प्रसाद साह, छिन्नमस्ता गाउँपालिका ५ लोखरमका सचेन पासवान र चनर पासवानको घरमा आगलागी भएको हो ।

मलेठका साहको घरमा आगलागी हुँदा एक घर, फर्निचर, लत्ताकपडा, खाद्यान्न, भाँडाकुँडा, परालको टाल, गहुँको भुससहितका सरसामान जलेर नष्ट हुँदा १० लाखभन्दा बढीको क्षति भएको पीडित साहले जानकारी दिएका छन् ।

घर नजिक रहेको परालको टालबाट सल्केको आगो घरमा फैलिलिँदा घर र घरभित्र रहेको सरसामान पुर्ण रुपले जलेर नष्ट भएको हो । आगो राजविराजबाट आएको बारुणयन्त्रको सहयोगमा स्थानीयबासी र प्रहरीले नियन्त्रणमा लिएको स्थानीयले जनाएको छ ।

यस्तै बिहिबारै भएको आगलागीमा परि लोखरमका पासवानको २ वटा घर जली १ लाख ५० हजार बराबरको क्षति भएको तथा संगै टासिंएको चनर पासवानको घर पुर्ण रुपले जली नष्ट हुँदा ८० हजार बजारको क्षति भएको सप्तरीका प्रहरी प्रबक्ता डिएसपी ढुण्डीराज नेउपानेले बताए ।

आगो राजविराज नगरपालिकाको दमकलको सहयोगमा दुई घण्टापछि नियन्त्रणमा लिएको उनले जानकारी दिए ।


## भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।

# Wisdom School

Rajbiraj 2, (Near Rajdevi Mandir)

**Play Group to Class 9**

**"गुणस्तरिय शिक्षा हाम्रो प्रतिबद्धता"**

**हाम्रो विशेषताहरु**

– दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाबाट पठनपाठन गराइन्छ ।
– कम्प्युटर ल्याबको व्यवस्था भएको ।
– विज्ञान प्रयोगशालाको व्यवस्था भएको ।
– CC Camera को निगरानीमा पठनपाठन गराइन्छ ।
– Monthly Test को व्यवस्था भएको ।

**सम्पर्क फोन नं. ०३१-५९०१९२**
**मोवाइल नं. ९८१२०२२१३५ (प्रिन्सिपल)**
**मो. नं. ९८०४७२६१९२, ९८४२८२३२७१**


# होटल तथा पर्यटन व्यवसायी संघ तदर्थ समिति गठन

**राजविराज**/सप्तरीमा सात सदस्यीय जिल्ला होटल तथा पर्यटन व्यवसायी संघ तदर्थ समिति गठन भएको छ । शिव यादवको अध्यक्षतामा सो तदर्थ समिति गठन भएको हो ।

समितिका सदस्यहरुमा मनोजकुमार शाह, मो.अकबर हुसेन, प्रकाशकुमार शाही, अशोक चौधरी, पारश शाह र आकाश आदर्श सर्वसम्मतले चयन भएका छन् । त्यस्तै, समितिका सल्लाहकारहरुमा शैलेश चौधरी, अरुणकुमार प्रधान, लालबाबु अग्रवाल र मनोजकुमार मुन्धडा चयन भएका हुन् ।

नेपाल होटल तथा पर्यटन व्यवसायी महासंघ मधेश प्रदेशका अध्यक्ष हिरालाल गौतमको अध्यक्षता सम्पन्न भेलाले उक्त तदर्थ समिति गठन गरिएको जनाइएको छ ।

समितिलाई कार्यालय सञ्चालन गर्नका लागि सप्तरी उद्योग वाणिज्य संघले एउटा कोठा र २५ हजार रुपैयाँ र कार्यालय सञ्चालन र दर्ता प्रक्रियाका लागि महासंघका प्रदेश अध्यक्ष गौतमले ११ हजार रुपैयाँ सहयोग गरेका छन् ।

नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय कार्यकारिणी सदस्य एवम् सप्तरी उद्योग वाणिज्य संघका अध्यक्ष पूर्व अध्यक्ष अरुणकुमार प्रधान, सप्तरी उद्योग वाणिज्य संघका अध्यक्ष लालबाबु अग्रवाल, पूर्व अध्यक्ष मनोजकुमार मुन्धडा, नेपाल होटल तथा पर्यटन व्यवसायी महासंघ मधेश प्रदेशका अध्यक्ष गौतम, वरिष्ठ उपाध्यक्ष विष्णु शाह, महासचिव बैकुण्ठ सापकोटा, कोषाध्यक्ष दानबहादुर थापा लगायतकाले समितिका पदाधिकारी तथा सदस्यहरुलाई शुभकामना दिएका थिए ।

भेलामा सप्तरी उद्योग वाणिज्य संघका उपाध्यक्ष दुर्गानन्द प्रसाद साह, नेपाल होटल तथा पर्यटन व्यवसायी महासंघ मधेश प्रदेशका सल्लाहकार मोहन शर्मा लामिछाने, सदस्य अन्जु न्यौपाने भूजेल, पदेन सदस्य सिरहाका अध्यक्ष रामकुमार गुप्ता, पदेन सदस्य कोषाध्यक्ष अन्जु न्यौपाने लगायत सप्तरीका होटल व्यवसायीहरुको सहभागीता थियो ।

# लागूऔषधसहित दुई युवक पक्राउ

**महोत्तरी**/औरहीबाट प्रहरीले लागूऔषधसहित दुई युवकलाई नियन्त्रणमा लिएको छ । पक्राउ पर्नेमा धनुषाको मिथिला नगरपालिका–८ कुसुमका ३० वर्षीय सियाराम महतो र सोही वडाका २० वर्षीय सुबेश शर्मा रहेका छन् ।

इलाका प्रहरी कार्यालय गौशालाका अनुसार उनीहरूलाई प्रहरीले औरही नगरपालिकास्थित विद्युत सवस्टेसनबाट नियन्त्रणमा लिएको हो । बर्दिबासतर्फ जाँदै गरेको लु५९प ६३३७ नम्बरको मोटरसाइकलमा लागूऔषध फेला परेपछि प्रहरीले उनीहरूलाई पक्राउ गरिएको हो ।

उनीहरूको साथबाट एक्सिप्लोन नामक लागूऔषध ९ बोतल र नाइटेभेट ट्याव्लेट १२ पिस, स्पासमो लेखिएको लागूऔषध ट्याव्लेट १३ पिस, बराबद भएको इलाका प्रहरी कार्यालयका गौशालाका प्रहरी निरीक्षक मनोज यादवले जानकारी दिए । लागूऔषधसहित पक्राउ परेका दुवै जनालाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**कंचनरुप नगरपालिका, सप्तरी**


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**

**सुरुङ्गा नगरपालिका, सप्तरी**

## *पशुपंक्षीको हेरचार ...*

आयोजना गरिएको हो ।

भेटेरीनरी अस्पताल तथा पशुसेवा विकास केन्द्र कार्यालय परिसरबाट सूरु भएको प्रभातफेरी नगर परिक्रमा गर्दै पुन:कार्यालयमा आएर प्रवचन कार्यक्रममा परिणत भएको थियो । पशुपंक्षीलाई स्वस्थ्य राखौं, मानव समुदायलाई शुद्ध पोषणयुक्त उत्पादन दिऊँ,पशुपंक्षीलाई स्वस्थ्य राखौं, उत्पादन बढाऔं, स्वच्छ उत्पादन गरी मानव शरीरमा रोग प्रतिरोधात्मक क्षमता बढाऔं, पशुपंक्षीको रक्षा, पशुपालकको सुरक्षा लगायतका नाराबाजी गर्दै सहभागीहरु बजारको मुख्य भागको परिक्रमा गरेका थिए । नगर परिक्रमा पश्चात आयोजित कार्यक्रममा केन्द्रका प्रमुख डा.राम पवित्र दास, पशु विकास अधिकृत सूर्यनारायण शर्मा लगायतले पशुपंक्षीको प्रबद्धनले मानवले पोषणयुक्त आहारा पाउनुका साथै स्वरोजगारको अवस्था समेत सिर्जना हुने बताए ।

उनीहरुले पशुपंक्षीको उत्पादकत्व बढाई जनसमुदायलाई शुद्ध र पोषणयुक्त आहारा उपलब्ध गराउनुका साथै पशुपालकलाइ यसको हेरचार र कम लगातमा बढी आय आर्जन गर्ने प्रविधीबारे पनि आवश्यक ज्ञान दिने गरिएको बताए ।

जिल्लालाई पशुपालनको पकेट क्षेत्रका रुपमा विकास गर्न तथा पशुपालकलाई प्रोत्साहन गर्न विभिन्न कार्यक्रम संचालन गरिएको सो अवसरमा केन्द्रले जानकारी गराएको छ ।


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*